**आज मिति २०७५ साल पौष २७ गते यस माण्डवी गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो**

**प्रस्तावहरु :-**

**१. शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग सम्बन्धमा ।**
**२. सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन सम्बन्धमा ।**
**३. महिला आश्रय भवन निर्माण सम्बन्धमा ।**
**४. आयोजना माग सम्बन्धमा ।**

**निर्णयहरु :**

१. निर्णय नं.१ प्रस्ताव माथि छलफल गर्दा नेपाल सरकारको शिक्षा तर्फको शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग र कम्प्यूटर, इन्टरनेट,कनेक्टिभिटी ईक्यूपमेन्टस तथा सामाग्री खरिद का लागि अनुदान भन्ने शर्सत अनुदान कार्यक्रम यस माण्डवी गाउँपालिकाको माण्डवी मा.वि. नयाँगाउँमा गर्ने निर्णय गरियो ।

२.निर्णय नं.२. प्रस्ताव माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाबाट सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक धारका कक्षा ९ देखि १२ संचालन गर्नका लागि यस माण्डवी गाउँपालिकाको वडा नं. ३ मा अवस्थित माण्डवी मा.वि. नयाँगाउँ प्यूठानमा कम्प्यूटर इन्जिनियरिङ्ग विषय संचालन गर्नका लागि छनोट गरी अनुमति दिने सम्बन्धमा ।

३.निर्णय नं.३. प्रस्ताव माथि छलफल गर्दा नेपाल सरकारले महिला तथा बालबालिका तर्फको महिला आश्रय भवन निर्माणका लागी निर्शत अनुदान कार्यक्रम अन्तर्गत श्री भुवनेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड नयाँगाउँ,प्यूठानले मात्र प्रस्तावना पेश भएकाले निजलाई नै सो कार्यक्रम हस्तान्तरण गर्ने निर्णय गरियो ।

४.निर्णय नं.४. प्रस्ताव माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले आर्थिक वर्ष २०७५।०७६ मा वार्षिक निति तथा कार्यक्रम अन्तर्गत माण्डवी गाउँपालिकालाई खरको छानो मुक्त गाउँपालिका बनाउने महत्वपूर्ण कार्यक्रम राखेको छ । यसैगरि यस कार्यक्रमलाई सम्बोधन गर्न यस गाउँपालिकामा रहेको करिब ९०७ घरधुरी अझैपनि खरको छानामा बस्न बाध्य भएकाले खरको छानोलाई जस्तापाताले विस्थापित गर्नका लागी कुल अनुमानित लागत रु १२,०१,२८,४४०।४० पैसा खर्च लाग्ने देखिएकाले यसै आ.व. मा गा.पा. बाट रु ५०,००,०००।०० विनियोजन गर्ने र अपुग हुन आउने रकम क्रमागत रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.५, बुटवलसंग आयोजना सम्पूरक अनुदान कार्यक्रम अन्तर्गत माग गर्दै जाने निर्णय गरियो ।

प्रमाणित गर्ने

प्रमुख प्रशासकीय अधिकृत